प्यूठान नगरपालिका

प्यूठान नगर राजपत्र

खण्ड २ संख्या २२ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मिति : २०७६

प्यूठान नगरपालिका

भाग २

प्यूठान नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# पशुसेवा विकास कार्यविधि २०७६

## परिच्छेद १ : प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम पशुपंक्षी सेवा विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ रहेको छ ।

ख. यो कार्यविधि प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि -

क. "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्दछ ।

ख. "मन्त्रालय" भन्नाले विषय वा प्रसंग अनुसार भूमि व्यवस्था कृषि तथा सहकारी अथवा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संझनु पर्दछ ।

ग. कार्यालय भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ. नगरपालिका भन्नाले प्यूठान नगरपालिका सम्झनु पर्दछ ।

ङ. "नगर प्रमुख " भन्नाले प्यूठान नगरपालिकाका नगर प्रमुख सम्झनु पर्दछ ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्यूठान नगपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्भन्नु पर्दछ ।

छ. "उत्पादक" भन्नाले पशुपक्षी जन्य वस्तु उत्पादन गर्ने कृषक वा कृषि कम्पनी वा कृषि पशु पंक्षी पालन फर्म वा कृषि तथा पशुपाल सहकारीलाई सम्भन्नु पर्दछ ।

ज. "एजेन्ट" भन्नाले कृषि तथा पशुपक्षी उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाल व्यक्ति सम्भन्नुपर्दछ र सो शब्दले संगठित संस्थाका प्रतिनिधिहरुलाई समेत जनाउँछ ।

झ. "कार्यपालिका" भन्नाले प्युठान नगर कार्यपालिका सम्भन्नु पर्दछ ।

ट. "कृषक" भन्नाले यस कार्यविधि प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नो जग्गामा व्यवसायिक पशुपंक्षी पालन गर्ने कृषक, कृषक समुह, कृषि व्यवसायी, पशु फर्म र कृषि सहकारी संस्था समेतलाई सम्भन्नु पर्दछ ।

ठ. हाट बजार" भन्नाले पशु उपजको दुध ,अण्डा ,मासु ,घ्यू , प्याकेजिङ्ग, ढुवानी, पशुपक्षी संकलन, वितरण तथा पशु उपजको बिक्री वितरण गर्ने पशु हाटबजार सम्भन्नु पर्दछ ।

ड. "पशु वस्तु" भन्नाले कृषकले पालेका चौपाया तथा पंक्षी सम्भन्नु पर्दछ ।

ढ. "पशुपंक्षी व्यवसाय" भन्नाले देहायका व्यवसाय सम्भन्नु पर्दछ

१ व्यावसायिक उद्देश्यले गरिने पशुपंक्षी फर्म ,पशुपंक्षीजन्य उत्पादन र विक्री वितरण

२ पशुपंक्षीजन्य वस्तुको प्रशोधन,

३ पशुपंक्षीजन्य उपजको व्यापार,

४ पशुपंक्षीजन्य उत्पादनका लागि प्रयोग हुने आहारा,आवास, नश्ल सुधार, उपचार सेवा, तालिम सञ्चालन , परामर्श आदि सम्भन्नु पर्छ तथा

५ पशुपंक्षीमा प्रयोग हुने औषधी उपचार एवं उत्पादन, परामर्श, भण्डारण तथा विक्री व्यवसाय ।

ण. "खुद्रा वजार" भन्नाले खुद्रा विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्भन्नु पर्छ ।

त. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि वमोजिम कार्यविधिले तोकेको वा तोकिए बमोजिम सम्भन्नुपर्छ ।



थ . "थोक वजार " भन्नाले उत्पादक वा विक्रताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने स्थल जहां के.जी. भन्दा बढी पशुपंक्षी उपज खरिद विक्री हुने थोक बजारलाई सम्भन्नु पर्छ ।

द . "विक्रेता" भन्नाले पशुपंक्षी वस्तुहरू खरीद बिक्री गर्ने व्यापारी, कृषक समूह, पशुपंक्षी फर्म , सहकारी संस्था, कम्पनी वा एजेन्ट विक्रेता समेतलाई सम्भन्नु पर्छ ।

ध . "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको पशुपंक्षी क्षेत्र हेर्ने मन्त्रालयलाई सम्भन्नु पर्दछ ।

न. "व्यवसायिक पशुपंक्षी करार" भन्नाले व्यवसायिक पशुपंक्षी पालन वा फार्म सञ्चालन गरी पशुपक्षी वस्तुको व्यावसायिक उत्पादन, खरीद, विक्री, सञ्चय र बजारीकरण गर्न वा पशुपंक्षी व्यवसाय प्रवर्द्धन गर्न दुई वा दुईभन्दा बढी पक्ष वीच भएको सम्भौता वा व्यवसायिक पशुपंक्षी करार सम्भन्नु पर्दछ ।

प. "वडा" भन्नाले प्यूठान नगरपालिकाका सबै वडा सम्भन्नु पर्दछ ।

फ. "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएका पशुपंक्षी बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्भन्नु पर्दछ ।

ब. "सभा" भन्नाले प्यूठान नगरपालिकाको नगरसभालाई सम्भन्नु पर्दछ ।

भ. "संकलन केन्द" भन्नाले कृषकहरूले बजारमा विक्री गर्ने उद्देश्यले उत्पादित बस्तु बिक्री गर्ने ठाउँ सम्भन्नु पर्छ ।

म. "समुह" भन्नाले १० वा सो भन्दा बढी कृषकहरु संगठित भई साविक जि.कृ.वि.का. वा. जि.प.से.का. वा पशु सेवा शाखा वा कृषि शाखामा दर्ता भएको समुहलाई सम्भन्नु पर्छ ।

य . "निजी फार्म" भन्नाले एकल वा साभेदारी स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा दर्ता भएको फार्म सम्भन्नु पर्छ र . "शाखा" भन्नाले पशु सेवा शाखा सम्भन्नु पर्छ ।

२. **उदेश्य : यस कार्यक्रमको उदेश्य देहाय बमोजिम रहेका छन :**

क. पशु पालन व्यवशायको उद्यमशीलता प्रवर्धन एवं व्यावसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्ग सम्म पुर्‍याउन सहयोग स्वरुप प्रदान अनुदानलाई व्यवस्थित गर्ने ।



प्यूठान नगरपालिका
प्यूठान नगरपालिका

ख. पशु पालन व्यवसाय अन्तर्गत थप रोजगारीका अवसरहरु सिर्जना गरी आयमा बृद्धिका साथै जीवनस्तरमा सुधार गर्ने ।

ग. पशु पालन व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तरमा सुधार गर्ने र उत्पादन लागतमा न्यूनीकरण गर्ने

## परिच्छेद :२
## पशु सेवा प्रसार कार्यक्रम सञ्चालन कार्यविधि :

२.१ अण्डामा आत्म निर्भरता कार्यक्रम अन्तर्गत ग्रामीण कुखुरा प्रवर्धन कार्यक्रम

क. ग्रामीण कुखुराको सघनता, प्रवर्धनको औचित्यता,आदिको आधार तथा वडा कार्यालयहरुको सिफारिशमा शाखाले कार्यक्रम सञ्चालन स्थान छनौट गर्नेछ ।

ख. छनौट भएको स्थानमा घरधुरी, बस्तीको सघनता, प्राविधिक उपयुक्तता हेरी समूह गठन गर्नेछ ।

ग. गठन भएको समूहलाई कुखुरा पालन सम्बधी अभिमुखीकरण तालिमको व्यवस्था शाखाले गर्नेछ ।

घ. यसरी तालिम प्राप्त समूहका सदस्यलाई आफ्नै व्यवशायमा संलग्न गराउन आवश्यकतानुसार विभिन्न अनुदान तथा परजीवी विरुद्धका औषधी तथा खोपको व्यवस्था शाखाले गराउन सक्नेछ ।

२.२ 'क' कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

२.३ पशु पन्छी स्वास्थ्य सेवा सञ्चालन कार्यविधि

क. प्रचलित कानुनको अधिनमा रही शाखाले बिरामी पशुपन्छीको उपचार,पर जीवी नियन्त्रण आदि सेवा सञ्चालन गर्नेछ ।

ख.शाखाले विभागले जारी गरेको सेवाकेन्द्रले वितरण गर्ने निशुल्क औषधी विवरणका आधारमा औषधी वितरण गर्नेछ । साथै आवश्यकता अनुसार अन्य औषधी पनि खरीद गर्न सक्नेछ ।



ग पशु पन्छीको उपचार तथा औषधी वितरण बिरामी पशुका लक्षण तथा प्राविधिकको प्रत्यक्ष निगरानीमा हुनेछ ।

घ. पशुपन्छी उपचार तथा औषधी वितरण सम्बन्धी अभिलेख बिरामी पशु दर्ता किताब (Case Register) मा राखिने छ ।

ङ. शाखाले पशुहरुलाई रोगबाट बचाउन समय समयमा रोग विरुद्ध खोपको व्यवस्था गर्नेछ ।

च. शाखाले पशुहरुमा कुनै महामारी रोग फैलिएमा त्यसको नियन्त्रणको पहल गर्ने छ ।

छ. माथि उल्लेखित पशुपन्छी स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था कार्यालयले गर्नेछ ।

२.४ अनुदान सहकार्य कार्यक्रम सञ्चालन कार्यविधि

क. बजेट सिमा भित्र रहि शाखाले अनुदान सहकार्यका कार्यक्रमहरु तयार गर्नेछ ।

ख. कार्यक्रमका प्रकृति हेरि शाखाले प्रस्तावना आव्हान गर्नेछ ।

ग. दाखिला हुन आएका प्रस्तावहरुको प्राविधिक सम्भाव्यता ,औचित्यता तथा अन्य पक्षको आधारमा स्थलगत प्रमाणीकरण (Field Verification )शाखाले गर्नेछ ।

घ. स्थलगत प्रमाणीकरण (Field Verification) प्रतिवेदन सहित शाखाले प्रस्तावना छनौटका लागि कार्यपालिका वैठकमा सिफारिस गरि पेश गर्नेछ ।

ङ. पेश हुन आएको प्रस्तावनालाई आर्थिक विकास समितिको वैठकले उचित ठहर्याएमा छनौट गर्नेछ । कार्यपालिका आफैले प्राविधिक संलग्न गराई पुनः स्थलगत प्रमाणीकरण (Field Verification ) गरि प्रस्तावना छनौट गर्न सक्नेछ ।

छ. अनुदान सहकार्य सम्बन्धी अन्य व्यवस्था अनुदानग्राहीसंगको सम्झौता मुताविक हुनेछ ।

२.६ सचेतना अभिवृद्धि /तालिम गोष्ठी /कार्यक्रम

क. वडा स्तरीय घुम्ती तालिम

➢ स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही शाखाले वडा स्तरीय स्थलगत तालिम सञ्चालन गर्नेछ

- वडा भित्रका व्यवसायिक कृषक,समूह समिति सदस्यहरु यस तालिमका सहभागी हुने छन ।
- नगरपालिकाको स्वीकृत नर्म्स भित्र रही तालिम कार्यक्रम सञ्चालन हुनेछन ।
- कृषकहरुलाई यस तालिममा कृषि /पशु पालन व्यवसायसंग सम्बन्धित आधारभुत विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरिनेछ ।
- सहभागीहरुकोछनौटवडा कार्यालयले गर्नेछ ।

**२.७ ख.न.पा.स्तरीय तालिम**

- स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही शाखाले नगरपालिका स्तरीय तालिम सञ्चालन गर्नेछ
- नगरपालिका भित्रका व्यवसायिक कृषक, समूह समिति सदस्यहरु यस तालिमका सहभागी हुने छन ।
- नगरपालिकाको स्वीकृत नर्म्स भित्र रहि तालिम कार्यक्रम संचालन हुनेछन ।
- कृषकहरुलाई यस तालिममा कृषि/पशु पालन व्यवसाय संग सम्बन्धित आधारभुत विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरिनेछ ।
- सहभागीहरुको छनौट वडा कार्यालयहरुको सिफारिसमा शाखाले गर्नेछ ।
- तालिममा आवश्यकता र औचित्यका आधारमा विषय-विज्ञबाट प्रशिक्षण गराउन सकिने छ ।
- बाह्य प्रशिक्षकलाई सेवाका सर्तसहितको सम्झौता गराई प्रशिक्षण गराउन सकिने छ ।
- सञ्चालित तालिमको नगरपालिकावाट नियमित अनुगमन सुपरिवेक्षण गरिने छ ।

**ग. कर्मचारी स्तर तालिम**

- स्वीकृत कार्यक्रम र वजेटको सिमा भित्र रही कार्यालयले आवश्यकतानुसार शाखाना कार्यरत कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्नेछ ।
- कर्मचारी प्रशिक्षण प्रतिष्ठान, पशु सेवा तालिम केन्द्र, कृषि तालिम केन्द्र तथा प्रादेशिक तालिन केन्द्र जस्ता सरकारी निकायले आयोजना गर्ने तालिनमा शाखामा कार्यरत कर्मचारीहरु सहभागी हुन पाउनेछन ।



- तालिम लिए पश्चात तालिम प्राप्त गरेको प्रमाण अर्थात निस्साको प्रतिलिपि कार्यालयमा पेश गर्नु पर्नेछ ।

**घ. गोष्ठी /सेमिनार**

- शाखाले स्वीकृत कार्यक्रम र वजेटको सिमा भित्र रहि आफ्ना कार्यक्रमसंग सम्बन्धित विषयमा गोष्ठी /सेमिनारको आयोजना गर्नेछ ।
- गोष्ठी/सेमिनार विषयवस्तु हेरि एक दिन वा सो भन्दा बढी अवधिका हुनेछन ।
- गोष्ठी/सेमिनारमा विषयवस्तुको गाम्भिर्यता हेरी कार्यपत्र प्रस्तुति तथा सहजिकरणका लागि विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**२.८ पशु स्वास्थ्य शिविर संचालन कार्यविधि**

क. पशु स्वास्थ्य शिविर सञ्चालन गर्नुपूर्व शाखाले कार्यालय संग समन्वय गरी त्यस क्षेत्रका स्थानियको माग एवं सेवाको पहुँच तथा अपरिहार्यता समेतलाई विचार गरी स्थान र मिति तोक्नेछ ।

ख. शाखाले शिविर सन्चालन हुनु एक हप्ताअगावै विभिन्न माध्यमबाट प्रचार प्रसार गर्नेछ ।

ग. शाखाले आवश्यकता र औचित्य अनुसारको विशेषज्ञ टोली लगायत औषधी भ्याक्सीन तथा अन्य सामाग्रीको व्यवस्थापन गरी शिविरमा पशु स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

घ. विशेषज्ञका रुपमा साविक जि.प.से.का.,पशु चिकित्सालय, भेटेरिनरी शिक्षण संस्थान, पशु स्वास्थ्य अनुसन्धान तथा निजि क्षेत्रमा कार्यरत पशु चिकित्सा क्षेत्रका विज्ञहरु सहभागी हुन सक्नेछन ।

ङ. पशु स्वास्थ्य शिविरमा वितरण गरेको औषधी तथा पशु उपचार गरेको अभिलेख पशु स्वास्थ्य शिविर विरामी पशु दर्ता किताब (Animal Health camp Case- Register ) मा राखिने छ ।

**२.९ सुशासन तथा पारदर्शिता प्रवर्धन कार्यक्रम सन्चालन कार्यविधि :**

क. शाखाले आफ्नो कार्यक्षेत्र भित्रका कृषकहरु जनचेतना अभिवृद्धिमार्फत सुशासन तथा पारदर्शिता प्रवर्धन गर्न स्थानीय रेडियो ,पत्रपत्रिकामा सन्देश मुलक सामाग्री प्रसारण गराउने छ ।

ख. पशुपालन संग सम्बन्धित समसामयिक फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड तयार गरी सबैले देख्ने गरी राख्ने व्यवस्था मिलाउने छ ।

३. सुचि (Inventory) तयार सम्बन्धी कार्यविधि

क. शाखाले आफ्नो कार्यक्षेत्र भित्र रहेका पशुपंक्षी संख्या,पशुजन्य पदार्थको उत्पादन, मासु पसल, एग्रोभेट,पशुपंक्षी फार्म औषधी पसल समुह समिति आदिको विवरण संकलन गरि सूचि (Inventory) तयार गर्नेछ ।

ख. यस्तो सूची (Inventory) तयार गर्ने जिम्मा शाखाले कुनै व्यक्ति संघ संस्था लाई स्वीकृत वजेटको सीमा र परिधि भित्र रही दिन सक्नेछ ।

ग. सूचि (Inventory) तयार गरि सकेपछि भुक्तानीका लागि सो पुस्तिका समेत पेश गर्नु पर्नेछ ।

३.१ नश्ल सुधार कार्यक्रम

क. शाखाले स्वीकृत कार्यक्रम र वजेट सीमा भित्र रही कार्यक्षेत्र भित्रका पशुको उत्पादन तथा उत्पादकत्व बढाउन नश्ल सुधारका कार्यक्रम सञ्चालन गर्ने छ ।

ख. यस कार्यमा शाखाले कृषकहरुलाई उन्नत जातका राँगो, साढें, बोका, थुमा अनुदान सहकार्यमा उपलब्ध गराउनेछ ।

*नश्ल सुधारका लागि देहाय बमोजिमका बिशेषता भएका पशु हुनु पर्नेछ ।*

**प्रजनन योग्य राँगो**

- राँगो शुद्ध वा ५० देखि ७५ प्रतिशत मुर्रा जातको हुनु पर्ने छ । जात अनुसारको प्रस्ट देखिने गुण हुनु पर्छ ।
- राँगोको माउ र बाबु असल गुणको साथै माउको दुध उत्पादन कम्तीमा दुइहजार लिटर प्रति वेद भएकोबाट जन्मेको हुनु पर्छ ।
- **राँगोको उमेर ३.५ देखि ४ वर्ष वा दुई दांत साटेको हुनु पर्छ ।**
- राँगोको दुवै अण्डकोष राम्रो संग विकास भएको हुनु पर्छ ।
- राँगो सरकारी फार्म वा कृ.ग. बाट जन्मेको हुनु पर्छ ।

**प्रजनन योग्य साँढे**

- साँढे शुद्ध वा ५० देखि ७५ प्रतिशत जर्सी जातको हुनु पर्ने छ । जात अनुसारको प्रस्ट देखिने गुण हुनु पर्छ ।



- साँढको माउ र बाबु असल गुणको साथै माउको दुध उत्पादन कम्तीमा ३००० लिटर प्रति वेद भएकोबाट जन्मेको हुनु पर्छ ।
- साँढेको उमेर २.५ देखि ३ बर्ष वा दुई दांत साटेको हुनु पर्छ ।
- साँढको दुवै अण्डकोष राम्रो संग विकास भएको हुनु पर्छ ।
- साँढे सरकारी फार्म वा कृ.ग. बाट जन्मेको हुनु पर्छ ।

**प्रजनन योग्य थुमा (भेडा)**

- थुमा शुद्ध वा स्थानीय जातको हुनु पर्ने छ । जात अनुसारको प्रस्ट देखिने गुण हुनु पर्छ ।
- थुमा को माउ र बाबु असल गुणको हुनु पर्छ ।
- थुमा को उमेर १.५ हुनु पर्छ ।
- थुमाको दुवै अण्डकोष राम्रो संग विकास भएको हुनु पर्छ ।
- थुमा उपलब्ध भएसम्म सरकारी फार्म वा कृ.ग. बाट जन्मेको हुनु पर्छ ।

**प्रजनन योग्य बोका**

- बोका शुद्ध वा स्थानीय जातको हुनु पर्ने छ । जात अनुसारको प्रस्ट देखिने गुण हुनु पर्छ ।
- बोका को माउ र बाबु असल गुणको हुनु पर्छ तथा २ वटा सन्तानबाट जन्मेको हुनु पर्छ ।
- बोका को उमेर १देखि १.५ हुदा २५ के.जी. तौल हुनु पर्छ ।
- बोका को दुवै अण्डकोष राम्रो संग विकास भएको हुनु पर्छ ।
- बोका उपलब्ध भएसम्म सरकारी फार्म वा कृ.ग. बाट जन्मेको हुनु पर्छ
- इन ब्रीडिङबाट जन्मेको हुनु हदैन ।

## परिच्छेद ३
## पशु विकास कार्यक्रम

३.२ युवा लक्षित व्यवसायिक प्रवर्धन कार्यक्रम

क. युवा लक्षित व्यवसायिक प्रवर्धन कार्यक्रमको मुख्य उदेश्य देश रहेको युवा जनशक्तिलाई कृषि/पशु पालन व्यवसायमा संलग्न गराइ देश भित्र रोजगारीको सिर्जना गर्नु रहेको छ ।

**कार्यक्रम संचालन प्रकृया**

- **प्रस्ताव आह्वानः** निजी फार्म समूह समिति सहकारीमा आवद्ध कृषकबाट सहकार्यमा व्यवसायिक बाख्रापालन फार्म स्थापना वा त्यसको सुदृढीकरण, भेडा, बाख्रा, गाई, भैसी ,बंगुर फार्म नश्ल सुधारका लागि कार्यालयल शाखाले आवश्यक प्रकृया खुलाई न.पा.को सुचना पाटी शाखाको सुचना पाटी,सवै वडा कार्यालयहरुका सुचना पाटी तथा न.पा.स्तरीय सबै कार्यालयहरुका सुचना पाटीमा सुचना टाँस गर्ने गराउने छ ।

- **प्रस्ताव संकलन** : प्रस्तावना पेश गर्न इच्छुक निजी फार्म समूह समिति सहकारीमा आवद्ध कृषकबाट शाखाले तयार गरेको संक्षिप्त कार्ययोजना फारम भरी निवेदन सहित प्रस्ताव संकलन गरिने छ ।

- **प्रस्ताव मुल्यांकन** शाखाले पेश गरिएका प्रस्तावहरुको प्राविधिक सम्भाव्यता औचित्यता तथा अन्य पक्षको आधारमा स्थलगत प्रमाणीकरण (Field Verification ) गरी सो को प्रतिवेदन सहित शाखाले प्रस्तावना छनौटका लागि आर्थिक विकास समितिको बैठकमा सिफारिस गरि पेश गर्नेछ ।

- आर्थिक समितिको बैठकले उचित ठहर्‍याएमा प्रस्ताव छनौटगर्नेछ वा कार्यपालिका आफैले प्राविधिक संलग्न गराई पुनः स्थलगत प्रमाणीकरण (Field Verification ) गरी प्रस्तावना छनौट गर्न सक्नेछ ।

**३.३ अण्डामा आत्मनिर्भरता तथा पारिवारिक पोषण सुरक्षा कार्यक्रम संचालन कार्यविधि :**

क. नगरपालिका हुदै जिल्ला तथा समग्र राष्ट्रलाई नै अण्डामा आत्मनिर्भर तुल्याई पारिवारिक पोषणको सुरक्षा गर्ने कार्यक्रमको प्रमुख उदेश्य रहेको छ ।



ख. लेयर्स वा मासु तथा अण्डाका उदेश्यले पालिने जातका कुखुरा पाल्न इच्छुक कृषकको संख्या, प्रवर्धनको औचित्यता आदिको आधार तथा वडा कार्यालयको शिफारिसमा शाखाले कार्यक्रम सन्चालन स्थान छनौट गर्नेछ ।

ग. छनौट भएको स्थानमा घरधुरी, बस्तीको सघनता ,प्राविधिक उपयुक्तता हेरी समुह गठन गर्ने छ ।

घ. गठन भएको समुहलाई कुखुरा पालन सम्बधी आधारभुत अभिमुखीकरण तालिम वा सिप विकास तालिमको व्यवस्था शाखाले गर्नेछ ।

ङ. कार्यक्रम संचालनार्थ छनौट भएका समूहका प्रति सदस्य वा कृषकलाई अण्डा तथा मासुका लागी प्रख्यात कुखुराको चल्ला उपलब्ध गराईने छ ।

च. गठन भएको समूह सदस्यका कुखुरालाई आवश्यकता अनुसार कार्यक्रम तथा वजेटको सिमा भित्र रही परिजीवी विरुद्धको औषधी तथा खोपको व्यवस्था शाखाले गर्नेछ ।

छ. नश्ल सुधार सहकार्य : अन्डा उत्पादनका लागि लेयर्स कुखरापालन गरी रहेका वा पालन गर्न ईच्छा भएका कृषकहरुलाई प्रस्ताव आह्वान गरि उपलब्धबजेट नर्म्स आवश्यकता एवं औचित्यको आधारमा अनुदान उपलब्ध गराइने छ ।

**३.४ कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि**

क. यस नगरपालिकाको कार्यक्षेत्र भित्रका पशुहरुमा कृत्रिम गर्भाधानका माध्यमबाट नश्ल सुधार गरी पशुजन्य पदार्थ जस्तै दुध, अण्डा,तथा मासुको उत्पादन एवं उत्पादकत्व वृद्धि गर्नु यस कार्यक्रमको प्रमुख उदेश्य रहेको छ ।

ख .यस नगरपालिकाको कार्यक्षेत्र भित्रका प्रजनन योग्य उमेर पुगेका गाई ,भैसी तथा बाखाको तथ्यांक अध्यावधिक गर्ने गराउने ।



प्युठान नगरपालिका
प्युठान नगरपालिका

ग. शाखामा कार्यरत कर्मचारी तथा कार्यक्षेत्र भित्रका प्राइभेट पाराभेटहरु लाई तालिमको व्यवस्था मिलाउन तालिम केन्द्र एवं राष्ट्रिय पशु प्रजनन केन्द्र संग समन्वय गर्ने ।

घ. कार्यक्रम तथा बजेट हेरि स्थानिय जनश्रमदान एवं नगरपालिकाको लगानीमा ठुला पशुको सघनता हेरी ठाउँ ठाउँमा ट्रेजिको निर्माण गर्ने ।

ङ. कृत्रिम गर्भाधान सामाग्रीहरु जस्तै मदर कन्टेनर, रेफ्रि, ए.आई गन ,ग्लोब, सीथ , गमबुट, एप्रोन ,रेकडिङ्म जस्ता सामाग्री सम्बन्धित निकायमा माग गर्ने वा कार्यक्रम र बजेट अनुसार खरिद गर्ने ।

च. कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न सिमेन तथा तरल नाईट्रोजनको नियमित व्यवस्थापनका लागि राष्ट्रिय पशु प्रजननकेन्द्र पोखरा ,प्रजनन कार्यालय नेपालगञ्ज संग समन्वय गर्ने ।

छ. कृषकहरुलाई कृत्रिम गर्भाधानको महत्वबोध गराउन जनचेतनाका कार्यक्रम जस्तै तालिम गोष्ठी आदि संचालन गर्ने ।

ज. स्थानिय जातका भैंसी र बाखाहरुमा आवश्यकता र औचित्य अनुसार एककालिक कृ. ग. कार्यक्रम संचालन गर्ने ।

झ. स्थानीय पशु विशेष गरि स्थानीय गाईलाई लक्षित गरि कार्यक्षेत्र भित्रको कुनै वडा वा टोलमा पुर्ण कृत्रिम गर्भाधान सेवा संचालन गर्ने ।

परिच्छेद : ४

पशु स्वास्थ्य नियमन कार्यक्रम

**४.१ यस शाखाले देहाय अनुसारका उदेश्य पुरा गर्न पशु स्वास्थ्य नियमन कार्यक्रम संचालन गर्नेछ ।**

क. भेटेरिनरी औषधी तथा खोप , पशुपन्छी फार्म र पशु नश्ल सुधारको गुणस्तर कायम गर्ने।
ख. पशु सेवा सम्बन्धी ऐन नियम तथा स्वीकृत मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्ने।
ग. जैविक पदार्थहरुको आयात निर्यात तथा उपयोग निर्धारित मापदण्ड अनुसार भए नभएको नियमन गर्ने ।

**४.२ पशु औषधी तथा जैविक पदार्थको भण्डारण सम्बन्धी व्यवस्थाको निरिक्षण :**



नेपाल सरकारले तोकेको भेटेरिनरी निरिक्षक वा निजको सहायकका रुपमा नेपाल सरकार नेपाल कृषि सेवा भेटेरिनरी समूहका राजपत्र अनंकित प्रथम तथा द्वितिय प्राविधिक श्रेणी पशु स्वास्थ्य प्राविधिकबाट देहाय बमोजिमको नियमन गर्ने छन ।
क. पशु औषधी पसल (Agrovet) आधिकारिक निकायमा दर्ता भएको छ वा छैन ।
ख. औषधी विक्रेताले मान्यता प्राप्त निकायबाट इजाजत पत्र लिएको छ वा छैन ।
ग. औषधी पसलले कुनै प्रतिवन्धित औषधी राखे नराखेको ।
घ. औषधी राख्ने तरिका व्यवस्थित भए नभएको ।
ङ. खोप राख्ने गरेको भए रेफ्रिजेरेटरको व्यवस्था भए नभएको ।
च. म्याद नाघेका औषधी भए नभएको ।

**४.२ पशु पन्छी फार्म निरिक्षण तथा अनुगमन :**
नेपाल सरकारले तोकेको भेटेरिनरी निरिक्षक वा निजको सहायकका रुपमा नेपाल सरकार नेपाल कृषि सेवा भेटेरिनरी समूहका राजपत्र अनंकित प्रथम प्राविधिक श्रेणी पशु स्वास्थ्य प्राविधिकबाट देहाय बमोजिमको नियमन गर्ने छन :-
क. आफ्नो कार्यक्षेत्र भित्रका पशुपन्छी फार्मको निरिक्षण अनुगमन गर्नेछ ।
ख. व्यवसायिक पशुपन्छी फार्मले पशुपंक्षी लाई नियमित खोप दिएको र जैविक सुरक्षाका उपायहरु अवलम्बन गरे नगरेको ।
ग. फार्मको उत्पादनको लागि जैविक पदार्थ राख्नु पर्दा सो को लागि उपयुक्त तापक्रममा भण्डार गरे नगरेको ।

**४.३ पशु स्वास्थ्य नियमन कार्यको प्रतिवेदन :**
नियमन कर्ताले आफुले गरेको अनुगमन निरिक्षण को प्रतिवेदन ताकिएको ढाचाँमा सवै तथ्यहरु खुल्ने गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

परिच्छेद : ५

व्यावशायिक पशुपालन कार्यक्र

व्यावशायिक पशुपालन कार्यक्रम संचालन गर्दा निम्न लिखित मापदण्डको आधार मा प्रतिस्पर्धा गराई कृषकहरुलाई अनुदान उपलब्ध गराइने छ ।

**१.१ व्यावशायिक गाई भैंसी विकास कार्यक्रम :**

क. दुध दिइ रहेका (दुधालु) ३ वटा मुर्रा भैंसी वा ३ वटा बर्णसंकर उन्नत गाई वा दुबै गरी ३ जिउ दुहुना गाई भैंसी

ख. कम्तीमा २० बर्ग मिटर फर्स ढलान भएको गोठ



प्युठान नगरपालिका

ग. कम्तिमा ३ रोपनी सिंचित जग्गामा जै बर्षिम भेच जस्ता हिउँदे घाँस लगाएको
घ. पर्याप्त मात्रामा वहुवर्षिय घाँस खेती गरेको
ङ पर्याप्त मात्रामा खाद्यान्य उप-पदार्थ संचय गरेको

**१.२ व्यावशायिक बाखा बिकास कार्यक्रम :**
क. कम्तीमा २० जिउ बाखा र प्रजनन बोका भएको ।
ख. कम्तीमा ४० बर्गमिटर फल्याकबाट निर्मित खोर भएको
ग. मलमुत्रको उचित व्यवस्थापन गरेको

घ. १०० गोटा किम्बु इपिल इपिल लगायत डालेघाँसका बिरुवाहरु लगाएको वा चरनको राम्रो व्यवस्था मिलाएको
ङ मौसमी र वहुवर्षिय घाँस लगाएको ।
च. बाखाले घाँस खाने डाटो बनाएको

**१.३ व्यावशायिक बंगुर विकास कार्यक्रम :**
क. कम्तीमा ५ जिउ बंगुर र प्रजननको लागि ब्याड पालेको
ख. २५ वर्ग मिटरको खोर बनाएको
ग. मलमुत्र व्यवस्थापन गरेको

**१.४ व्यावशायिक कुखुरापालन कार्यक्रम :**
क कम्तीमा ५०० कुखुरा (ब्रोइलर बाहेक) पालेको
ख कम्तीमा २ हजार बर्गफिटको खोर बनाएको
ग. दानाको लागि आफैले गराउने वा बाहिरबाट ल्याउने एकिन भएको
घ. प्राविधिक व्यवस्था सुनिश्चित भएको

## परिच्छेद : ६
## बित्तीय समानीकरण तर्फको अनुदान कार्यक्रम :

**१.१ मासु पसल सुधार अनुदान कार्यक्रम :**
क. कम्तीमा १०० वर्गफिट फोहर व्यवस्थापन गरिएको सफा र स्वस्थ मासु संरक्षण तथा बिक्री कक्ष भएको
ख चिसो व्यवस्थापन गर्नको लागि आवश्यक डि फ्रिज , फ्रिजको समुचित व्यवस्था गरिएको



ग. कार्यस्थल सजिलै सफा गर्न सकिने गरि मार्बल /टायल लगाएको ।
घ. मासु काटने हात हतियार औजारहरुलाई व्यवस्थित र निर्मलीकरण गर्ने व्यवस्था मिलाएको
ङ. बाह्य झिंगा, लामखुट्टे किरा आदी प्रवेश गर्न नसक्ने प्रवन्ध मिलाएको ।
च. पानीको समुचित व्यवस्था मिलाएको

## परिच्छेद : ७
## पशु आहार सेवा कार्यक्रम

क. शाखाका कार्यक्षेत्र भित्र पालिएका पशुहरुलाई पौष्टिक तथा सन्तुलित आहाराको व्यवस्थापनका लागि कृषकहरु लागी उत्प्रेरणा जगाई पशु जन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने यसको प्रमुख उद्देश्य रहेको छ ।
ख. पशु पालनको सघनता, जग्गाको उपलब्धता, वडा कार्यालय संगको समन्वयमा आहार विकास सम्भाव्य क्षेत्रको एकिन /छनौट गर्ने
ग. छनौट भएको क्षेत्रमा आहार विकास समूह गठन गरी पशु आहार विकास तथा घाँसे वाली सम्बन्धी तालिमको व्यवस्था मिलाउने ।
घ. गठित समूहका कृषकहरु तथा अन्य असंगठित कृषहरुलाई पशु आहार विकास तथा घाँसे वाली सम्बन्धी न.पा. स्तरीय तालिमको व्यवस्था गर्ने ।
ङ कार्यक्रमको औचित्यत, बजेटको सिमा भित्र रही पशु आहार विकास, घाँस उत्पादन, वीउ उत्पादन गर्नका लागि सिडविन, हे एवं साइलेज बनाउने सामाग्री , सिलिङ मेसिन , नर्सरी सामाग्री, स्प्रेयर, युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने मेसिन च्यापकटर, हाभेष्टर ,सीड ग्रेडर जस्ता सामाग्री/उपकरण मा लागत सहभागीतामा अनुदान दिने ।
च. कृषक समूह /व्यक्तिगत कृषक ,निजी फार्म , सहकारीहरुलाई घाँस उत्पादनका लागि घाँसको वीउ , बेर्ना, सेट्स, एवं युरिया मोलासेस मिनरल ब्लक (UMMB ) उपलब्ध गराउने ।
छ. आहार विकासको दिगोपनाको लागि कार्यालयले घुम्ती कोषको व्यवस्था गर्ने ।

१ **मिलरल ब्लक UMB बितरण :** शाखाले नगरपालिका क्षेत्रभित्रका पशुहरुको तथ्यांकको आधार लिई पशुपालक कृषकहरुबाट माग संकलन गरी आवश्यकता औचित्यता उपलब्धता समेत एकिन गरि विनियोजित बजेटको परिधि भित्र रहि मिनरल ब्लक खरिद गरि उपलब्ध गराउने छ ।



प्युठान नगरपालिका
प्युठान नगरपालिका

२ **टाटनो बितरण :** फलामबाट निर्मित ५ फिट अग्लो ६ फिट चौडाइ भएको रडको डन्डी जाली बनाइ तयार गरिएको बाखाले सहज रुपले घाँस खान सक्ने गरि र घाँस नोक्सान नहुने गरि तयार गरिएको टाटनो खरिद गरी माग संकलन गरी आवश्यकता औचित्यता समेतको आधारमा कृषकहरुलाई उपलब्ध गराउने छ।

३ **वईड ब्यालेन्स :** पशुपालक कृषकहरुलाइ आफ्नो उत्पादनको बजारीकरणमा सहयोग पुर्‍याउन माग आवश्यकता र औचित्यता समेतको आधारमा बितरण गरिने छ।

**४ डालेघाँस नर्सरी ब्यवस्थापन अनुदान कार्यक्रम :**

क. १००००० गोट सिडलेस किम्बुका बेर्ना अटन सक्ने डालेघाँस नर्सरी स्थापना गर्ने

ख. ४ फिट चौडाई १२ फिट लम्बाई भएको कम्तीमा २ गोटा नर्सरी

ग. पर्याप्त पानीको उपलब्धता भएको

**८ सुत्केरी भैसी प्रोत्साहन भत्ता सेवा कार्यक्रम कार्यविधी**

१: यस नगर भित्रका किसानहरुले कम्तिमा ६ महिना अगावैबाट पाल्दै आएका भैसीहरु सुत्केरी भए पश्चात ७ दिन भित्रमा शाखामा दर्ता भएपछि नगरपालिकाको निर्णय बमोजिम सुत्केरी भत्ता बितरण गरिनेछ। जसको लागी आवश्यक कागजात तपशिल बमोजिम निर्धारण गरीएको छ।

१.१: सुत्केरी भैसीको र पाडो/पाडीको तथा गोठ र पशुधनीको फोटो १ प्रती।

१.२: पशुधनीको नागरिकता प्रमाणको प्रतिलिपी

१.३: वडा कार्यलयको सिफारिस

१.४: पशुधनीको निबेदनसाथै रु १० को हुलाक टिकट

१.५: भैसीपालक कृषकको पासपोर्ट साईजको फोटो १ प्रति हुनुपर्नेछ।

१.६: गत आ.ब. मा सुत्केरी भत्ता लिएका कृषकहरुलाई पुन अर्को आ.ब.मा सुत्केरी भत्ता दिइने छैन।जसको लागी १ बर्ष पुरा भएको हुनुपर्नेछ।

**९: राँगो पालक कृषक प्रोत्साहन भत्ता सेवा कार्यक्रम कार्यविधी :**

१.१: राँगोपालक कृषकले कम्तिमा १ बर्ष अघिदेखि राँगो पाली आफ्नो गाउँ ,टोल,वडामा भैसीहरुलाई प्रजनन सेवा पुर्‍याएको हुनुपर्नेछ।

१.२: राँगोपालक कृषक प्रोत्साहन भत्ता भुक्तानी माग गर्दा सोको व्यवस्थित रेकर्ड समाबेश भएको हुनुपर्नेछ।



१.३: राँगो पालक कृषकको राँगोसँगै उभिएको गोठ/खोर प्रस्ट देखिने फोटो हुनुपर्नेछ।

१.४: पशुधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

१.५: वडा कार्यालयको सिफारिश

१.६: पशुधनीको निबेदन

१.७: राँगो पालक कृषकको पासपोर्ट साईजको १ प्रति फोटो ।

**१०: अनुगमन,नियमन तथा अबलोकन कार्यक्रम कार्यविधी**

१. प्यूठान नगरपालिका भित्रका मासुपसल,एग्रोभेट,पाराभेट्सहरुको नियमित निरिक्षण अनुगमन र सुपरिबेक्षण नगरपालिकाले गर्नेछ। अनुगमन निरिक्षणको क्रममा कुनै कैफियत देखिएमा मिति तोकि सुधार गर्न/नियमित गर्न सम्वन्धितहरुलाई निर्देशन दिनेछ र पालना गर्न लगाउने छ।

**११: व्यावशायिक फार्म, मासु पसल ,एग्रोभेट, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता,समूह दर्ता कार्यविधी**

१: व्यावशायिक बाखा फर्म दर्ताको लागी माउ, बाखा २० सहित अन्य पाठापाठी बोका खसी गरी ३५ भन्दा माथी हुनुपर्नेछ।

२: व्यावशायिक भेडा फर्म दर्ताको लागि माउ भेडा२० सहित अन्य पाठापाठी गरी ३५ भन्दा माथी हुनुपर्नेछ।

३: व्यावशायिक भैसीं फर्म दर्ताको लागि माउ भैसी३ सहितअन्य राँगा पाडापाडी गरी ५ भन्दा माथि हुनुपर्नेछ।

४: व्यावशायिक गाई फर्म दर्ताको लागि माउ गाई ३ सहित अन्य बाच्छाबाच्छी गरी ५ भन्दा माथि हुनुपर्नेछ।

५: व्यावशायिक बंगुर फर्म दर्ताको लागि माउबंगुर ५ सहित अन्य छतौरा छतौरी गरी ७ भन्दा माथि हुनुपर्नेछ।

६: व्यावशायिक कुखुरातर्फ लेयर्स,ब्रोईलर,लोकल फर्म दर्ताको लागी कम्तिमा १०० हुनुपर्नेछ।

७: समूह समिति दर्ताको लागी ५ जना भन्दा माथी सदस्य रहेको हुनुपर्नेछ।

८: यस प्यूठान नगरपालिका अन्तर्गत रहेका एग्रोभेट, मासुपसल, ग्रा.प.स्वा.का.हरुले अनिबार्य रुपमा आफ्ना कागजातहरु समेत पेश गरी दर्ता गर्नुपर्नेछ।



प्यूठान नगरपालिका

१२: एकल महिलाको लागी पठेङ्ग्री तथा अति गरीब बिपन्न बर्गको लागी बाखाको पाठापाठी तथा बंगुरका छाउरी बितरण कार्यविधी ।

१: यस प्यूठान नगरपालिका भित्रका ४० बर्ष उमेर नाघेका एकल महिलाहरुलाई बाखाको पाठापाठी तथा यस नगर भित्रका टोल समुदाय अति गरीब दलित बिपन्न बर्गका लागी बंगुरका छाउरी माग संकलनका आधारमा ७५ % अनुदानमा सो पाठापाठी तथा छाउरी वितरण गरिनेछ ।

२: वडा कार्यालयको सिफारिस तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

१३ कार्यक्रम संचालनको आर्थिक कार्यविधि :

पशु सेवा इकाई अन्तर्गतका स्वीकृत बार्षिक कार्यक्रम सचालन गर्दा नगरपालिकाको स्वीकृत नर्म्सहरुको आधारमा खर्च गरिने छ ।

परिच्छेद ८

विविध

यो कार्यविधि तयार हुनु अघि शुरु गरिएका कार्यक्रमहरु यसै कार्यबिधि बमोजिम भएको मानिने छ । कार्यविधि सञ्चालन गर्दा कुनै समस्या उत्पन्न भएमा आवश्यक निर्णय लिई नगरपालिकाले बाधा अडकाउ फुकाउन सक्ने छ ।

प्यूठान नगरपालिका

प्रमाणिकरण मिति : २०७६/०७/२०

आज्ञाले

टोपेन्द्र बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत